निर्वाचन आयोग, नेपाल
ELECTION COMMISSION, NEPAL

मिति २०७८।११।०१

प.सं. च.नं./Ref:

# प्रेस विज्ञप्ति

निर्वाचन आयोगको परामर्शमा नेपाल सरकारबाट स्थानीय तह सदस्य निर्वाचन मिति २०७९ साल वैशाख ३० गते एकै चरणमा सम्पन्न गर्ने गरी मिति घोषणा भएको छ । कानूनतः निर्वाचन सम्वन्धी व्यवस्थापकीय कार्यसम्पादन गर्न आयोगलाई १२० दिन आवश्यक भएपनि नेपाल सकारले मिति २०७८ साल माघ २४ गते स्थानीय तहको निर्वाचनका लागि मिति घोषणा गर्दा ९५ दिन मात्र निर्वाचन अवधि प्राप्त भएको छ । यसरी निर्वाचन आयोगलाई पर्याप्त समय प्राप्त नभएपनि स्थानीय तह सदस्यको आसन्न निर्वाचनका लागि पूर्व तयारीका कार्यहरु नियमित रुपमा सम्पादन गर्दै आएकोले नेपाल सरकारबाट घोषणा भएकै मितिमा स्थानीय तहको निर्वाचन आयोगले सम्पन्न गर्नेगरी निम्नानुसारका कार्यहरु सम्पादन हुँदै आएको छ ।

१. नेपालको संविधान र संघीय कानूनले गरेको व्यवस्था बमोजिम आयोगको प्रत्यक्ष रेखदेख, नियन्त्रण, सुपरिवेक्षण र निर्देशनमा रही बालिग मताधिकारका आधारमा हुने निर्वाचनका लागि १८ वर्ष उमेर पूरा गरेको नेपाली नागरिकको नाम मतदाता नामावलीमा समावेश गरी मतदाता हुन पाउने अधिकारको सुनिश्चिता मतदाता नामावली सम्बन्धी ऐन, २०७३ मा गरिएको छ । निर्वाचन आयोगले मतदाता नामावली सङ्कलन नियमित रुपमा गर्ने गरेकोमा निर्वाचन मिति घोषणा भइसकेपछि सो निर्वाचन प्रयोजनका लागि मतदाता नामावलीमा नाम दर्ता गर्ने कार्य स्थगित गर्ने कानूनी व्यवस्था बमोजिम नेपाल सरकारबाट स्थानीय तहका सदस्यको निर्वाचनको मिति २०७९ साल वैशाख ३० गते सम्पन्न गर्न मिति २०७८ साल माघ २४ गतेका दिन मिति घोषणा भएकोले आयोगको निर्णयबाट २०७८ साल माघ २५ गते देखि मतदाता नामावली संकलन कार्य स्थगन गरी अन्तिम मतदाता नामावलीको लागि अद्यावधिक गर्ने काम प्रारम्भ गरिएको छ । निर्वाचन आयोगबाट स्वीकृत कार्यक्रम अनुसार अद्यावधिक गर्नको लागि २०७४ को निर्वाचनमा १ करोड ५४ लाख २७ हजार ९३८ जना मतदाता कायम भएकोमा गत वर्ष २०७७ पुस ५ गतेलाई Cut of Date कायम गर्दा १ करोड ६२ लाख ४३ हजार ११० जना मतदाता कायम भएका थिए ।

२. नेपालको संविधानले १८ वर्ष उमेर पूरा गरेको प्रत्येक नेपाली नागरिकलाई सङ्घीय कानून बमोजिम मतदानको अधिकार हुने उल्लेख गरे बमोजिम मतदाता नामावली ऐन, २०७३ अनुसार आयोगले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकिदिएको


कान्तिपथ, काठमाडौं, नेपाल, फोन नं.: (९७७-१) ४२२८६६३ । फ्याक्सः (९७७-१) ४२२९२२७
Kantipath, Kathmandu, Nepal, Tel: (977-1) 4228663, Fax: (977-1) 4229227
E-mail: info@election.gov.np, Website: www.election.gov.np

मितिमा १८ वर्ष उमेर पूरा गरेको व्यक्तिको नाम अन्तिम मतदाता नामावलीमा समावेश हुने व्यवस्था छ । कानूनमा भएको प्रावधान अनुसार १६ वर्ष उमेर पुरा गरेका नेपाली नागरिकता प्राप्त गर्ने नागरिकको मतदाता नामावलीमा नाम संकलन गरिने र यसरी नाम संकलन भएको अन्तिम मतदाता नामावलीमा नाम समावेश गर्ने प्रयोजनका लागि १८ वर्ष उमेर पूरा हुने निर्दिष्ट मिति (Cut off date) आयोगले विगतमा नेपाल सरकारले निर्वाचनको मिति घोषणा गरेको दिनलाई आधार मान्ने गरिएकोमा यस पटकको आसन्न स्थानीय तह सदस्यको निर्वाचनमा १८ वर्ष उमेर पुग्ने दिन २०७९ साल वैशाख २९ गते अर्थात स्थानीय तहका सदस्यको निर्वाचन हुने दिनभन्दा ठीक अघिल्लो दिनलाई आधार मान्ने गरी निर्दिष्ट मिति (Cut off date) निर्धारण गरेको छ । नेपालको निर्वाचन इतिहासमा पहिलो पटक निर्वाचन हुने दिनभन्दा अघिल्लो दिनलाई आधार मानी १८ वर्ष उमेर पुग्ने दिनलाई निर्दिष्ट मिति (Cut off date) मान्दा मतदाता नामावलीमा नाम समावेश भएका करिव थप दुईलाख युवाले आफ्नो मताधिकार प्रयोग गर्न पाउने सुनिश्चित भएको छ । २०७९ साल वैशाख २९ गतेलाई १८ वर्ष उमेर पुग्ने दिनलाई निर्दिष्ट मिति (Cut off date) मान्दा १ करोड ७९ लाख मतदाता कायम हुने अनुमान छ ।

३. संविधान तथा कानूनमा भएको व्यवस्था बमोजिम आयोगले अन्तिम मतदाता नामावली तयारी गर्ने, निर्वाचन सामग्रीको व्यवस्थापन गर्ने, निर्वाचन प्रयोजनका लागि राजनीतिक दल दर्ता गर्ने, मतदाता शिक्षा सामग्री तयारी तथा कार्यक्रम सञ्चालन गर्ने, निर्वाचन कार्यक्रम तयारी गरी प्रकाशन गर्ने, निर्वाचन अधिकृतको नियुक्ति र कार्यालय स्थापना गर्ने, निर्वाचन आचारसंहिता लागू गर्ने, निर्धारित मतदान स्थलहरूमा मतदान केन्द्र तोक्ने, निर्वाचन सञ्चालनका लागि जनशक्तिको आँकलन तथा परिचालन गर्ने, प्रशिक्षण कार्यक्रम सञ्चालन गर्ने, निर्वाचन पर्यवेक्षण तथा अनुगमनको व्यवस्थापन गर्ने, मतपत्र व्यवस्थापन गर्ने, उम्मेदवारको मनोनयन पत्र दर्ता गर्ने, निर्वाचन चिह्न प्रदान गर्ने, निर्वाचन सम्बन्धी प्रचारप्रसार गर्ने, मतदाता शिक्षा सञ्चालन गर्ने, मतदाता परिचय पत्र छपाइ तथा ढुवानी र वितरण गर्ने, सुरक्षा व्यवस्था मिलाउने, मतदान, मतगणना तथा परिणाम घोषणा गर्ने लगायतका क्रियाकलाप समावेश गरी निर्वाचन कार्यतालिका समेत स्वीकृत गरिसकेको छ ।

२०७८/११/०९


कान्तिपथ, काठमाडौं, नेपाल, फोन नं.: (९७७-१) ४२२८६६३ । फ्याक्सः (९७७-१) ४२२९२२७
Kantipath, Kathmandu, Nepal, Tel: (977-1) 4228663, Fax: (977-1) 4229227
E-mail: info@election.gov.np, Website: www.election.gov.np

४. निर्वाचन व्यवस्थापनका लागि आवश्यक पर्ने बजेटको तयारी अन्तिम चरणमा पुगेको छ । स्थानीय तह सदस्य निर्वाचनमा निर्वाचन आयोगका लागि करिव १२ अर्व बजेट आवश्यक पर्ने अनुमान गरिए अनुसार नेपाल सरकारसँग बजेट प्रस्ताव सहित बजेट स्वीकृतीको प्रकृयामा रहेको र सो अगावै निर्वाचन सामग्री खरिद प्रक्रिया अगाडि बढाउन अर्थ मन्त्रालयबाट बजेट सुनिश्चितता लिई प्रतिस्पर्धात्मक प्रक्रियाबाट बोलपत्र आव्हान गर्नेगरी मापदण्ड र स्पेसिफिकेशन स्वीकृत गरिएको छ ।

५. स्थानीय तह सदस्य निर्वाचनका लागि निर्वाचन आचारसंहिता, जनशक्ति व्यवस्थापन निर्देशिका, आर्थिक निर्देशिका, स्थानीय तह निर्वाचन निर्देशिका, निर्वाचन अनुगमन निर्देशिका, सुरक्षा (व्यवस्थापन) निर्देशिका, मतदान निर्देशिका, मतगणना निर्देशिका, मतदाता शिक्षा कार्यक्रम कार्यान्वयन निर्देशिका लगायतका निर्देशिकाहरुको मस्यौदा तयारी भईरहेको छ । यी निर्देशिकाहरु आयोगले स्वीकृत गरी क्रमशः लागू गर्दै जाने छ ।

६. निर्वाचन आयोग र अन्तरगत कार्यालयहरुको कार्यालय समय विहान ९ बजेदेखि साँझ ६ बजेसम्म कायम गरिएको छ भने विदाका दिनमा समेत नियमित कार्यसम्पादन गर्ने व्यवस्था मिलाइएको छ ।

७. आसन्न स्थानीय तह सदस्य निर्वाचनमा विद्युतीय मतदान उपकरणको प्रयोगको संभाव्यताका सम्वन्धमा विज्ञहरुसँग भएको छलफल तथा परामर्श अनुसार यस सम्वन्धी कार्यको अध्ययन गरी सात दिन भित्र अध्ययन प्रतिवेदन पेश गर्न एक कार्यदल समेत गठन भएको छ ।

८. निर्वाचन आयोगले गत विगतका वर्षहरुमा जस्तै यस वर्ष समेत यही फाल्गुन ७ गते शनिवारका दिन विभिन्न कार्यक्रमहरुको अयोजना गरी निर्वाचन आयोग, ७ वटा प्रदेश निर्वाचन कार्यालय र ७० वटा जिल्ला निर्वाचन कार्यालयहरुमा निर्वाचन दिवस मनाउने कार्यक्रम तय गरिएको छ । यस अवसरमा उत्कृष्ट कार्यसम्पादन गर्ने कर्मचारीहरुलाई पुरस्कृत गरिनुका साथै निर्वाचन स्मारिका समेत प्रकाशन गर्ने कार्यक्रम रहेको छ ।

९. स्थानीय तह सदस्य निर्वाचन र आयोगको नियमित कार्यसम्पादनका क्रियाकलापहरुलाई आम नागरिक तथा सबै सरोकारवालहरु बीच सूचनाको सहज पहुँच स्थापित गर्न निर्वाचन आयोगका प्रवक्ता वा सहायक प्रवक्ताबाट हप्ताको दुई पटक (प्रत्येक सोमबार र विहिवार) अपरान्ह ४ बजे पत्रकार भेटघाट कार्यक्रम

२०७८/११/०१


कान्तिपथ, काठमाडौं, नेपाल, फोन नं.: (९७७-१) ४२२८६६३ । फ्याक्स: (९७७-१) ४२२९२२७
Kantipath, Kathmandu, Nepal, Tel: (977-1) 4228663, Fax: (977-1) 4229227
E-mail: info@election.gov.np, Website: www.election.gov.np

निर्वाचन आयोग
नेपाल
२०२३

प.सं. च.नं./Ref:

आयोगको मिडिया सेन्टरमा गर्ने प्रवन्ध २०७८ साल फाल्गुन १ गते आइतवारबाट शुरुवात गरिएको छ । आगामी दिनमा स्थानीय तह निर्वाचनका सबै क्रियाकलापहरुलाई समेट्ने गरी निर्वाचन आयोगको दैनिक ई बुलेटिन समेत प्रकाशन गर्ने योजना रहेको छ । आगामी प्रवक्ता-पत्रकार भेटघाट कार्यक्रम २०७८ फागुन ५ गते विहिवार हुने जानकारी गराउँदै प्रत्येक दिन भएका महत्वपूर्ण निर्णय र कार्यको संक्षिप्त जानकारी प्रेस विज्ञप्ति मार्फत गराउने जानकारी गराउँछु ।

२०७८/११/०१

(शालिग्राम शर्मा पौडेल)

सह सचिव तथा प्रवक्ता


कान्तिपथ, काठमाडौं, नेपाल, फोन नं.: (९७७-१) ४२२८६६३ । फ्याक्सः (९७७-१) ४२२९२२७
Kantipath, Kathmandu, Nepal, Tel: (977-1) 4228663, Fax: (977-1) 4229227
E-mail: info@election.gov.np, Website: www.election.gov.np